महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## भुमिकास्थान नगरपालिका, अर्घाखाँची

## ८०५५१४०१३००

## भूमिकास्थान नगरपालिका , अर्घाखाँची



https://nams.oag.gov.np

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-७-१२

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
भुमिकास्थान नगरपालिका, अर्घाखाँची ,
भूमिकास्थान नगरपालिका , अर्घाखाँची

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१/६/१८ मा छलफल पश्चात् तयार गरिएको पाना ३६(छत्तीस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित ब्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि कार्यपालिका प्रमुखलाई जानकारी गराइने ब्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

रघुपति महत
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय सिंहदरबार, काठमाण्डौं ।,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
अर्घाखाँची ।,
arghakhanchi.dtco@fcgo.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।३० देखि २०८१।६।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ९२५०१७८१५.७५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३२८३५६।३३ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | बिवरण | रकम रु. |
|---|---|---|
| १ | स्वास्थ्यतर्फका कर्मचारीहरूको नर्म्सभन्दा बढी भुक्तानी भएको रकम असुल भै दाखिला भएको । | ५८९९८ |
| २ | शिक्षातर्फ शिक्षक तथा कर्मचारीहरूलाई बढी भुक्तानी भएको रकम असुल भै दाखिला भएको । | ९८४२६ |
| ३ | दैनिक भ्रमणभत्ता बढी भुक्तानी भएको रकम असुल भै दाखिला भएको । | २५००० |
| ४ | प्रशिक्षण भत्ता नर्म्सभन्दा बढी भुक्तानी भएको असुल भै दाखिला भएको । | १०२०० |
| ५ | सामाजिक सुरक्षातर्फ मृत्यु भई लगत कट्टा भएका व्यक्तिहरुको खातामा लगत कट्टा भए पश्चात पनि भुक्तानी भएको रकम सम्बन्धित व्यक्तिको बैँक खाताबाट असुल भै फिर्ता दाखिला भएको । | १३५७३२.३३ |
| | **जम्मा** | ३२८३५६।३३ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरणको परिक्षण**

**वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) सम्बन्धमा निम्ननुसार देखिएको छः

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ११,२६,४८,०८०.८८ | ११,२६,४८,०८०.८८ | १०,२१,९२,०७६.१४ | १०,२१,९२,०७६.१४ |
| १३००० | अनुदान | ४७,७३,९३,८४८.२८ | ४७,७३,९३,८४८.२८ | ५३,६३,९३,३४७.२५ | ५३,६३,९३,३४७.२५ |
| १४००० | अन्य राजस्व | ७६,४१,९५९.१० | ७६,४१,९५९.१० | २,०६,२४,४१८.९८ | २,०६,२४,४१८.९८ |
| १५००० | विविध प्राप्ति | ८,११,२४२.०० | ८,११,२४२.०० | ० | ० |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | ० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | ५९,८४,९५,१३०.२६ | ५९,८४,९५,१३०.२६ | ६५,९२,०९,८४२.३७ | ६५,९२,०९,८४२.३७ |
| २ | चालु | ४१,५२,५६,११६.७९ | ४१,५२,५६,११६.७९ | ३९,४६,५८,५४६.७० | ३९,४६,५८,५४६.७० |
| २१००० | पारिश्रमिक / सुविधा | २७,६८,६७,४०७.०० | २७,६८,६७,४०७.०० | २५,८८,०६,५०९.८९ | २५,८८,०६,५०९.८९ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ११,४५,७८,९१४.३५ | ११,४५,७८,९१४.३५ | १२,२१,९२,४४५.३४ | १२,२१,९२,४४५.३४ |
| २५००० | सहायता (Subsidy) | ३३,४०,०००.०० | ३३,४०,०००.०० | १,१०,७१,०६६.०० | १,१०,७१,०६६.०० |
| २६००० | अनुदान | १,५४,५२,७३४.८४ | १,५४,५२,७३४.८४ | ४,०९,७४९.३५ | ४,०९,७४९.३५ |
| २७००० | सामाजिक सुरक्षा | ४३,४८,८६२.०० | ४३,४८,८६२.०० | १६,५५,०००.०० | १६,५५,०००.०० |
| २८००० | अन्य खर्च | ६,६८,१९८.६० | ६,६८,१९८.६० | ५,२३,७७६.१२ | ५,२३,७७६.१२ |
| ४ | पूंजीगत | १७,७३,०४,९३७.८३ | १७,७३,०४,९३७.८३ | २९,३२,६१,५१४.४० | २९,३२,६१,५१४.४० |
| ३१११० | भवन तथा संरचना | १,६८,२६,८२७.८७ | १,६८,२६,८२७.८७ | २,६८,७७,२८५.७९ | २,६८,७७,२८५.७९ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २३,११,५९४.३३ | २३,११,५९४.३३ | ४५,४०,८७७.०० | ४५,४०,८७७.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | २,००,०००.०० | २,००,०००.०० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | १५,३७,१६,३४७.०३ | १५,३७,१६,३४७.०३ | २४,९९,८८,७९२.६४ | २४,९९,८८,७९२.६४ |
| ३११७० | पूँजीगत सुधार खर्च | ४२,५०,१६८.६० | ४२,५०,१६८.६० | १,१८,५४,५५८.९७ | १,१८,५४,५५८.९७ |
| ख) | कुल जम्मा भुक्तानी | ५९,२५,६१,०५४.६२ | ५९,२५,६१,०५४.६२ | ६८,७९,२०,०६१.१० | ६८,७९,२०,०६१.१० |
| ग) | बचत /कमी (ग = क-ख ) | ५९,३४,०७५.६४ | ५९,३४,०७५.६४ | (२,८७,१०,२१८.७३) | (२,८७,१०,२१८.७३) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (६३,६१,०५१.७८) | (६३,६१,०५१.७८) | ५९,०४,२११.९२ | ५९,०४,२११.९२ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -९,२४०.०० | -९,२४०.०० | -४७,६३७.०० | -४७,६३७.०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (४,२६,९७६.१४) | (४,२६,९७६.१४) | (२,२८,०६,००६.८१) | (२,२८,०६,००६.८१) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ७,४६,९६,०७७.१९ | ७,४६,९६,०७७.१९ | ९,७५,०२,०८४.०० | ९,७५,०२,०८४.०० |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ७,४२,६९,१०१.०५ | ७,४२,६९,१०१.०५ | ७,४६,९६,०७७.१९ | ७,४६,९६,०७७.१९ |

**वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७० -०१) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१८८१४४९७६।००,सडक वोर्ड नेपालको रु. ४९९३३१२।०० गरिवसंग विशेश्वर रु.४१५०००।०० तथा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२९१००००।०० गरि कुल रु.१९६४६३२८८।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. २५१८२६६०८.३४ यस वर्षको भुक्तानी रु.२५१८२६६०८.३४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | **७४६९६०७७.१९** | **५९८४९५१३०.२६** | **५९२५६१०५४.६२** | **७४२६९१०१.०५** |
| एकीकृत आर्थिक विवरणअनुसार | ७४६९६०७७.१९ | ८५०३२१७३८.६ | ८५११७५६९०.९ | ७४२६९१०.०५ |
| फरक | ० | २५१८२६६०८.३४ | २५१८२६६०८.३४ | ० |

सैद्धान्तिक बेरुजु

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले उद्वेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात पनि आन्तरिक लेखापरिक्षक नभएकोले आन्तरिक लेखापरीक्षण भएको छैन।

- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## ४ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५ लक्ष्य प्रगति

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५% सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ५०५ | १७ | १५ | २९ | ४० |

कार्यालयले राखेको लक्ष्य अनुसार कम प्रगती भएका कार्यक्रमहरुमा प्रगती हुन नसक्नुका कारणहरु पत्ता लगाई लक्ष्य प्राप्तिमा आएका समस्याहरु समाधान गरी लक्ष्य अनुसार समयमै प्रगती हासिल गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ९१ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस

पालिकाले हालसम्म ३० वटा ऐन , ७ वटा नियमावली तथा ६७ कार्यविधि निर्देशिका तथा मापदण्ड निर्माण गरी कार्यान्यनमा ल्याएको छ भने राजपत्रमा समेत प्रकाशन गरेको छ। ।

सैद्धान्तिक बेरुजु

७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको ९ गरी कुल १० विवाद दर्ता भएकोमा ५वटा मात्र फर्स्योट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३३ वटा सहकारी संस्था रहेका छन्। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३८५२०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका

आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार वडाको तथा पालिकास्तरका कुल १७८ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु. २० लाखमाथिका योजना सङ्ख्या | रु. ५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु. ५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिका तथा वडास्तरिय | १७८ | १२ | ३९ | १२७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७६ योजनामात्र कार्यान्वियन भई २ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.सं.** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| **१.** | आर्थिक विकास | ७८५२६००० ।०० | ४७६८४६४६ ।४० | **८।०४** |
| **२.** | पूर्वाधार विकास | १६६१९०१७५ ।०० | १३८१०१६३८ ।५६ | **२३।३१** |
| **३.** | सामाजिक विकास | ३७३७०२००० ।०० | ३२१२५००२७ ।४९ | **५४।२१** |
| **४.** | बातावरण तथा विकास | ४८३०००० ।०० | ४८३०००० ।०० | **०।८१** |
| **५.** | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३९००००० ।०० | २७०१२६३ ।८६ | **०।४५** |
| **६.** | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०४६६६७५० ।०० | ७७९९३४७८ ।३१ | **१३।१८** |
| | **जम्मा** | ७३१८१४९२५ ।०० | ५९२५६१०५४ | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा मा सबैभन्दा बढी ५४।२१ प्रतिशत संस्थागत विकास,सेवा प्रवाहा र सुशासन मा सबै भन्दा घटीमा ०।४५ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१३ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १८८१५३९३५.९ | ० | ३९२८२०६४.२६ | ३३९९५७५३.७५ | ११४८७६११७.८९ | ४९२३६१३२.३३ |
| प्रतिशत | १०० | ० | २०.८७ | १८.०७ | ६१.०५ | २६.१७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १८८१५३९३५.९ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.० (० प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ३९२८२०६४.२६ (२०.८७ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ३३९९५७५३.७५ (१८.०७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४९२३६१३२.३३ (२६.१७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **खर्चमा मितव्ययिता**

बिबिध खर्च वडातर्फ कार्यसञ्चालन तथा विविध तर्फ रु. १७९९७०० तथा नगरपालिकातर्फ रु. १७८८१९५ रहेको छ। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । प्रतिवेदनमा उल्लेखित सामानमध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३२ कर्मचारीको रु.२०८४४१२२ पालिकाका चालुतर्फ २९ कर्मचारीको रु.१८५०५३५९ गरी रु.३९३४९४८१ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ९० जनालाई औसत १०० दिनले ९००० दिन रोजगारी उपलव्ध गराई रु.६०१२००० चौतारा मर्मत तथा बाटो सरसफाई जस्ता कार्य गरि श्रमिक ज्याला खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत १ शिक्षा अधिकृत १ सहित २६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

सैद्धान्तिक बेरुजु

२० **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरीभण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी चिराग फार्मेसी फर्मलाई रु.१४५४३५५ तथा नगरपालिकातर्फबाट रु. ९७९९८६ भुक्तानी दिएको छ। यस सम्बन्धि देखिएका विवरणहरु निम्न छन्।

- औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको
- औषधी खरिदका लागी लागत अनुमान तयार गर्दा स्वास्थ्य विभागको स्विकृत दररेटलाई आधार नलिएको।
- औषधी खरिद गर्दा एकमुष्ठ ईविडिङ नगरि विभिन्न समयमा कोटशन लिने गरेको,

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी स्वास्थ्य सेवाबाट प्रमाणित कार्य निर्देशिका अनुसार**LMIS** मा प्रविष्ट गरि जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **परामर्स तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार एउटा कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| प्रशासकीय भवन निर्माण सम्बन्धि **DPR** | **बुद्धभुमि कन्सल्टेन्सि प्रालि** | **४९९९९७** | **४९८०८१** | **९०२१९६९८** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

२३ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण कार्य र परामर्श सेवाको कन्टिन्जेन्सी खर्च स्वीकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिदमा कन्टेन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका २०७७ को दफा १० क बमोजिम आयोजनाको लागत अनुमान स्वीकृति गर्दा नै कानुन बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले सञ्चालन गरेका योजना हरूमा सो व्यवस्थाअनुसार continencyको लागत अनुमान स्वीकृत गराई खर्च गरेको नदेखिएको हुँदा योजनाहरूमा सो व्यवस्था अनुसारको लागत अनुमान स्वीकृत गराई आवश्यकतामा आधारित खर्च गर्नुपर्दछ।

कन्टिन्जेन्सिबाट खर्च भएको विवरण

| सि.नं. | खर्च विवरण | खर्च रकम रु. |
|---|---|---|
| १ | विविध | १०१८८६८।०० |
| २ | भ्रमण भत्ता | ८०००००।०० |
| ३ | इन्धन | ४७६४५३।०० |
| ४ | एम्बुलेन्स खरीद नपुग रकम | ४९८०००।०० |
| ५ | ल्यापटप,प्रिन्टर लगायत कार्यालय सामाग्रि खरीद | ७०००००।०० |
| | | ३४९३३२१।०० |

**पालिकाले तयार गरेको अभिलेख अनुसार विविध खर्च रु.१०१८८६८ तथा भ्रमण भत्तामा रु.८००००० खर्च भएको रकम उपयुक्त देखिएन। कुल लागत अनुमान अनुसारको कन्टिन्जेन्सि रकम तथा योजनागत कन्टिन्जेन्सी खर्च गरिएका सबै योजनाहरुको अभिलेख नराखेकोले व्यवस्थित अभिलेख राखि पूँजिगत प्रकृतिका खर्चमा कन्टिन्जेन्सीलाई केन्द्रीत गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।**

सैद्धान्तिक बेरुजु

२४ **वडाको जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई वा कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिका कार्यालयबाट खरिद भएका जिन्सी मालसमानहरुको अभिलेख प्रयोजनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली प्रयोगमा ल्याएको भएतापनि पूर्ण नरहेको, वडागत रुपमा खरिद भई थप भएका वा वडाको जिन्सीमा दाखिला भएका जिन्सी समानहरुको अभिलेख एकिकृत रुपमा नहुँदा लेखापरीक्षणको क्रममा पालिकाको सबै जिन्सी समानहरुको बिष्लेषण गर्न सकिएन । वडागत रुपमा बजेट विनियोजन भई वडा तहबाट नै खरिद प्रक्रिया शुरु भई खरिद भएका खर्च हुने र नहुने सबै जिन्सी समानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख नरहेको र म्यानुअल अभिलेख प्राप्त भएकोले वडागत जिन्सी समानको यथार्थता एकिन गर्न सकिएन । सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीलाई वडातहसम्म लागु गरी सबै सरकारी सम्पत्तीहरुको अभिलेख, संरक्षण तथा उपयोगलाई प्रभावकारी बनाइनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **उपभोक्ता समिति परिचालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा रकम खर्च गर्दा खर्च पुष्टी हुने बिल, भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा देखिएका केही व्यहोराहरु निम्नानुसार छनः

· आयोजनाको अनुगमन गर्ने गरेको भएतापनि त्यस्तो अनुगमन कार्य मापनिय सूचकको आधारमा नभइ सामान्य फाराममा भुक्तानीको सिफारिसमा मात्र सिमित रहेको,

· लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले हेभि मेशिन प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको अवस्थामा समेत नापजाँच गरी भुक्तानी दिने गरेको,

पालिकाको उपभोक्ता समिति परिचालनमा देखिएका उपर्युक्त कमजोरीहरु समयमै सुधार गरी आयोजना कार्यान्वयनलाई थप प्रभावकारी बनाइनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **ठेक्का व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा रकम खर्च गर्दा खर्च पुष्टी हुने बिल, भर्पाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।पालिकाले बजेट कार्यान्वयनको क्रममा ठेक्का व्यवस्थापन गर्दा देखिएका कमजोरीहरु निम्नानुसार रहेका छनः

- आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं.५०५) तयार नगरेको ।
- नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको ।
- सम्पन्न आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने नगरेको ।
- आयोजना कार्यान्वियनमा पालिकाले गुणस्तर परीक्षण गर्ने गरेको भएतापनि आयोजना ठेक्कामा गुणस्तर आश्वस्तता योजना पेश गर्ने तथा गर्न लगाउने र सो अनुरुप गुणस्तर कायम भए नभएको मूल्याङ्कन नगरेको ।
- सम्झौता अनुसार कार्यसम्पन्न भई कार्य स्वीकार प्रतिवेदन जारी भएर त्रुटी सच्चाउने अवधि बाँकी भएका ठेक्काहरुको सम्बन्धमा अनुगमन गरी मर्मत गराउन लगाएको अभिलेखबाट देखिएन । यसबाट खरिद कानूनमा भएको त्रुटी सच्याउने अवधि सम्बन्धी व्यवस्थाको परिपालना सहि तवरले भएको छ भनी आश्वस्त हुन सकिएन ।

पालिकाको ठेक्का व्यवस्थापनमा देखिएका उपर्युक्त कमजोरीहरुका कारण आयोजना व्यवस्थापन प्रभावकारी हुन सकेको देखिदैन । साथै तोकिएका अभिलेख समेतनराख्ने कमजोरीहरु समयमै सुधार गरी आयोजना छनौट, कार्यान्वियन तथा मूल्याकंन कार्यलाई मितव्ययी, दक्षतापूर्ण र प्रभावकारी बनाइनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३२६००१७८९ | ७१५१९२१ | २.१९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.१९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२८ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर लगायत अनुमानित रु.६७९५४८५ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८०।८१ मा रु.७१५१९२१ अर्थात अनुमान भन्दा ५.२४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२९ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | राजस्वसंकेत | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मकोआम्दानी |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ७ |
| १ | ११३१३ | सम्पती कर | ३,५०,०००.०० | २,४६,५१२.०० |
| २ | ११३१४ | भुमिकर/मालपोत | ९,५०,०००.०० | ५,४४,७७४.७९ |
| ३ | ११३१७ | वहाल कर | ३,००,०००.०० | ३,५९,११५.७९ |
| ४ | ११३१८ | वहालविटौरी कर | ५,०००.०० | ८००.०० |
| ५ | ११६३१ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | ६६,५११.३८ |
| ६ | ११६९१ | अन्य कर | १०,५०,०००.०० | १,४०,६०८.३३ |
| ७ | १४१५१ | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | ५,०००.०० | ०.०० |
| ८ | १४१५९ | अन्यस्रोतबाट प्राप्त रोयल्टी | ०.०० | ५,२६,८०१.२० |
| ९ | १४२११ | कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम | १०,३५,४८५.०० | ३,८३,५४५.०० |
| १० | १४२१९ | अन्य सेवाशुल्क तथा बिक्री | ०.०० | ३,१७,८४९.७४ |
| ११ | १४२२१ | न्यायिकदस्तूर | ५,०००.०० | ०.०० |
| १२ | १४२२४ | परीक्षाशुल्क | ०.०० | २०,५००.०० |
| १३ | १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | १३,००,०००.०० | १६,२८,०३८.९८ |
| १४ | १४२४१ | पार्किङ्गशुल्क | ०.०० | १०.०० |
| १५ | १४२४२ | नक्सापासदस्तुर | ३०,०००.०० | ९,०२५.०० |
| १६ | १४२४३ | सिफारिशदस्तुर | ३,००,०००.०० | ४,५७,५६९.०० |
| १७ | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | ५,५०,०००.०० | ६,५४,१००.०० |
| १८ | १४२४५ | नाताप्रमाणित दस्तुर | ०.०० | ५,०००.०० |
| १९ | १४२४९ | अन्यदस्तुर | १,५०,०००.०० | ५७,६८०.०० |
| २० | १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | २,००,०००.०० | १०,७००.०० |
| २१ | १४२६५ | अन्यक्षेत्रको आय | ०.०० | ९७,३७३.५० |
| २२ | १४५२९ | अन्यराजस्व | ३,१५,०००.०० | ४,२८,९६४.७० |
| २३ | १४६११ | व्यवसाय कर | २,५०,०००.०० | ३,८५,२००.०० |
| २४ | १५१११ | बेरूजू | ०.०० | ८,११,२४२.०० |
| जम्मा | | | ६७,९५,४८५.०० | ७१,५१,९२१ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको

दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३० **एम्बुलेन्स सेवा**

नगरपालिकामा संचालित दुईवटा एम्बुलेन्स चालकको जिम्मा नै रहेको तर सोको आम्दानी बारे पालिकामा कुनै जानकारी नदिएको पाइयो । एम्बुलेन्सको मर्मत सम्भार सम्बन्धी खर्च पालिकाले व्यहोरेको तर एम्बुलेन्सको आम्दानी बारे पालिकामा जानकारी नभएकोले यसको उचित छानबिन गरी वास्तविक आम्दानी पालिकाको आन्तरिक राजश्व खातामा दाखिला हुनुपर्दछ ।

| क्र.स | विवरण | रकम |
|---|---|---|
| ३६७।२०८१।०३।०४ | ढाकाबांङ स्वास्थ्य चौकि एम्बुलेन्स व्यवस्थापन समिति लाइ एम्बुलेन्स मर्मत खर्च | ८२५४० |
| ३८८।२०८१।३।०९ | खिल्जि एम्बुलेन्स सञ्चालन समिति रु.९४१६१ तथा धनचौर एम्बुलेन्स समिति लाइ रु.२५७९३ मर्मत खर्च | ११९९५४ |
| | जम्मा | २०२४९४ |

सैद्धान्तिक बेरुजु

३१ **अन्य निकाय तथा संघ संस्थालाई सहयोग**

आर्थिक कारोबार तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा १८(४) मा एक मन्त्रालय वा निकाय अन्तर्गत विनियोजित रकम अर्को मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोमा सो व्यवस्था नगरिआफ्नो छुट्टै बजेट तथा अख्तियारी भएका देहायका कार्यालयलाइ पालिकाले विभिन्न कार्यका लागि आर्थिक सहायता तथा जिन्सि सहायता उपलब्ध गराएको छ।यसरि आफ्नो प्रयाप्त आन्तरिक श्रोत नभइ सहायता वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| **क्र.सं.** | **भौचर नं./मिति** | **निकाय/संस्था** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|---|
| १ | ३७३।२०८१।०३।६ | नेपाल पत्रकार महासघं अर्घाखांची | पर्यटन प्रवर्दन कार्यक्रम | ३००००० |
| २ | ४२१।२०८१।३।१४ | जिल्ला खेलकुद विकास समिति | रनिङ शिल्ड प्रतियोगिता सञ्चालन | ४०००० |
| | | जम्मा | | ३४०००० |

सैद्धान्तिक बेरुजु

३२ **मूल्य अभिवृद्धि कर दाखिला नगरेको**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग)बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अर्न्तगत आपूर्ति हुने वस्तु वा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहेको कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।तर यस कार्यलयले मूल्य अभिवृद्धि करको शत प्रतिशत नै तपसिलका फर्मलाई भुक्तानी दिएकोले सो को मूल्य समायोजन प्रमाण पेश गर्ने अन्यथा ३० प्रतिशत असुल हुनुपर्ने रु.८३२७४

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| ३७८।२०८१।०३।०७ | ह्युमन फिट क्राफ्ट | ३००१५०८५६ | ५०९९९१ | ५८६७१ | १७६०१ |
| ३९३।२०८१।०३।१० | स्वस्तिक अफसेट प्रेस | ६१४५७५७१८ | ३६२७३० | ४१७३० | १२५१९ |
| ४५२।२०८१।०३।१८ | **द ड्रिम ट्रेड सप्लायर्स** | ११८३५१६४७ | ३६८६०४ | ४२४०५ | १२७२१ |
| १०।२०८१।१।२५ | **अर्घा भगवति स्टोर** | ३०५२९६७८० | १७४११४ | २००३१ | ६००९ |
| ३१।२०८१।३।२३ | **अमृता निर्माण सेवा** | ३००३६२५५२ | ९९७४३८ | ११४७४९ | ३४४२४ |
| | | जम्मा | | | ८३२७४ |

| प्रमाण पेश नगरेको | ८३,२७४ |
|---|---|

३३ **काम नगरि पेश्की फिर्ता** (३६४-२०८१-२-३१):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाको व्यसायिक कन्य च्याउ उत्पादन कार्यक्रम सञ्चालनका लागि कृषि अधिकृत राम बहादुर थापाले २०८०।११।१४ मा रु. ४९९५००।०० पेश्की लिएकोमा रु.७२५००।०० कन्य च्याउ खरिदमा खर्च गरि बांकी रकम मिति २०८१।२।३२ मा फिर्ता गरि पेश्की फर्छौट गरेको छ। यसरि पेश्की लगेको रकम व्यक्तिगत फाइदाका लागि खर्च भएको वा होइन यकिन हुन सकिएन यसरी पेश्कि लगि काम नगरि रकम फिर्ता गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **पालिकालाइ व्यभार पारेको**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था उल्लेख गरेको छ । पालिकाको आन्तरिक आयलाई समेत विचारनगरि निर्णयका आधारमा वितरणमुखि कार्यमा खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको देखिएकोले यस्ता खर्चहरुमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | भौचर नं./मिति | खर्चको विवरण | रकम |
|---|---|---|---|
| १ | **४२३,४२४, ४२५,४२६। २०८१।३।१५** | **आधारभुत स्वास्थ्य सेवा अन्तर्गत गाउटोलमा रहनुभएका गर्भवति ६२ जना आमाहरुलाइ दोहोरो गाडीभाडा भूक्तानी वडा १,५,६,७,८,९ नम्बर (आमा सुरक्षा कार्यक्रमको २००० बाहेक पालिका निर्णयले)** | **१४१३४५** |
| २ | **४३१।२०८१। ३।१५** | **१४९ जना महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका लाइ सञ्चार खर्च ६ महिनाको महिनाको २०० का दरले** | **१७८८००** |
| | | **जम्मा** | **३२०१४५** |

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **अनुदान सहयोग कार्यक्रमको अनुगमन**

विशेष अनुदान सम्बन्धि कार्यविधि २०७५ को दफा ११ अनुसार विशेष अनुदानबाट सन्चालन हुने आयोजना/कार्यक्रम प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी सन्चालन भए नभएको सम्बन्धमा सम्बन्धि प्रदेश वा स्थानीय तहले नियमित रुपमा अनुगमन गर्नुपर्ने, यस्ता अनुदानबाट सन्चालित आयोजना/कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय र नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयमा तोकिएको ढाँचामा पेश गर्नुपर्नेछ भन्ने उल्लेख छ । यस कार्यालयले पछि त्यसको लक्षित प्रतिफल प्राप्त हुने गरी

सन्चालन भए नभएको अनुगमन तथा त्यसको प्रभावकारिता(लाभग्राही किसानको जीवनस्तर सुधार) को विषयमा अनुगमन गरी नियमानुसार प्रतिवेदन गर्नुपर्नेमा प्रतिवेदन पेश भएको छैन । अनुदान सहयोगको दुरूपयोग नभएको यकिन विवरण तथा उपयोगिताको अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ ।

| क्र.स | भौ.न/मिति | अनुदानको विबरण | लाभग्राहि संख्या | अनुदान प्रतिशत | रकम |
|---|---|---|---|---|---|
| १ | २६४।२०८१।२।३२ | व्यसायिक कन्य च्याउ वितरण | | निशुल्क | ४२००० |
| २ | ४४०।२०८१।३।१६ | व्यसायिक बाख्रापालन कृषकका लागि ५० प्रतिशत अनुदानमा खोर निर्माण(कार्यविधि नबनाएको) | ३० | ५० | ९००००० |
